के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १८ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८० माघ १८ गते बिहीबार ❑ 1 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

‘जनताका आवश्यकताअनुसार योजना ल्याउछौँ’

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनताका आवश्यकतालाई हेरेर आगामी कार्यक्रम तथा योजना ल्याइने बताउनुभएको छ।

प्रदेशको नीति तथा योजना आयोगले बुधबार यहाँ आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रममा उहाँले जनतालाई केन्द्रमा राखेर योजना बनाइने बताउनुभयो।

“पहुँचको आधारमा भन्दा पनि जनताका प्रमुख आवश्यकता के हुन भनी छलफल गरी तीनै योजनालाई अगाडि सार्नुको विकल्प छैन”, पाण्डेले भन्नुभयो, “वर्तमान अवस्थामा सबैभन्दा ठूलो चुनौती भनेको विकासलाई जनताको जीवनसँग जोड्नु हो ।” तीव्र रुपमा भइरहेको बसाइँसराइलाई रोकेर गाउँमा रोजगारीका अवसर सृजना हुने किसिमका योजना ल्याएर युवालाई विदेश पलायन हुनबाट रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो । विकास निर्माणका योजना बनाउँदा सोको लाभान्वित सङ्ख्या र लागतलाई ख्याल गर्नुपर्ने मुख्यमन्त्री पाण्डेको भनाइ थियो । “प्राकृतिक स्रोतसाधन प्रयोगमा आज पनि समस्या छ । हाम्रा योजना कृषि र उत्पादनमा जोड्न सक्यौँ भने मात्र ठूलो मात्रामा भइरहेको बसाइँसराइ रोक्न सकिन्छ। प्रदेश सरकारले यसलाई प्राथमिकतामा राखेको छ । प्रदेशका समस्या, सङ्घबाट प्राप्त गर्ने अधिकारबाट सङ्घीयतलाई अझै बलियो बनाउन पहल गर्नेछु”, उहाँले भन्नुभयो, “गण्डकी प्रदेशमा कृषि, पर्यटन, उद्योग र स्वरोजगारका कार्यक्रमलाई प्राथामितामा राख्नेछौँ ।” गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले यो प्रदेश पर्यटकीय र कृषि क्षेत्र भएकाले यस क्षेत्रलाई केन्द्रित गरी पञ्चवर्षीय योजना ल्याउनुपर्नेमा जोड दिनुभयो । सदस्य भीम कार्कीले युवा लक्षित कार्यक्रम ल्याएर विदेश जानबाट युवालाई स्वदेशमा रोक्ने किसिमका योजना बनाउनुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेशसभा सदस्य देवका पहारीले दश जोर दुईको अध्ययनसँगै विद्यार्थीलाई सीपमूलक कार्यक्रम ल्याएर उनीहरुलाई स्वदेशमै बस्ने वातावरण बनाउनुपर्ने भन्दै सोही अनुसारका कार्यक्रम ल्याउन जरुरी भएको बताउनुभयो। अर्का सदस्य नन्दकला दमैले विपन्न वर्गको जीवनस्तर उकास्ने किसिमले प्रदेश सरकारले नीति तथा योजनाका कार्यक्रम ल्याउन जरुरी भएको बताउनुभयो।

गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङले जनताका आवश्यकतालाई केन्द्रमा राखेर दिगो विकासका कार्यक्रम ल्याउन आवश्यक भएको बताउनुभयो। नेपाली कांग्रेस कास्कीका नेता सूर्य भण्डारीले प्रदेश सरकारले पञ्चवर्षीय नीति तथा कार्यक्रम ल्याउँदा दीर्घकालीन रुपमा प्रयोगमा आउने किसिमबाट ल्याउनुपर्नेमा जोड दिनुभयो।

नेकपा एमाले कास्कीका नेता भेषराज बरालले महोत्वाकाङ्क्षी योजनाभन्दा पनि कार्यान्वयन गर्नसक्ने योजना ल्याएर नेपाली जनतालाई विकासको महसुस गर्ने वातावरण सृजना गर्नुपर्नेमा जोड दिनुभयो। नेकपा माओवादी केन्द्रका नेता विनय थापाले जनतालाई सुशासन कसरी दिन सकिन्छ भन्ने बारेमा सोचेर योजना अगाडि वढाउनुपर्ने बताउनुभयो। नेकपा (एकीकृत) समाजवादी कास्कीका नेता खड्ग हमालले गण्डकी क्षेत्र पर्यटन र कृषिको हब भएकाले पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन हुने किसिमका योजना बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा मादी गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङले मादी गाउँपालिका पर्यटकीय क्षेत्र भएकाले यहाँको पर्यटन विकासमा प्रदेश सरकारको ध्यान जान जरुरी रहेको उल्लेख गर्नुभयो। रुपमा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले गाउँपालिका कृषि उत्पादनमा उर्भर भूमि भएकाले कृषि क्षेत्रको विकासमा प्रदेश सरकार लाग्नुपर्ने सुझाव दिनुभयो। अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले अन्नपूर्ण पर्यटकीय र प्रशस्तै पैदलमार्ग भएको ठाउँ भएकाले यहाँका पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटकीय विकास गर्न सुझाव दिनुभयो। माछापुच्छ्रे गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीले पर्यटन, पशुपालन र जडिबुटीको प्रशस्त सम्भावना भएको क्षेत्र भएकाले यसलाई आधार मानी विकास निर्माणका कार्य अगाडि बढाउनुपर्ने बताउनुभयो । पोखरा उद्योग वाणिज्य सङ्घका उपमहासचिव शोभा गौतमले उद्योगलाई सहज रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्नुपर्ने, कम सहलियत व्यजदरमा ऋण उपलब्ध गराउनुको साथै विद्युत् महसुल न्यून लगाउनुपर्नेमा जोड दिनुभयो । सो अवसरमा गैरसरकारी महासङ्घ, अपाङ्ग महासङ्घ, नेपाल रेडक्रस, सञ्चारकर्मीलगायतले आफ्ना सुझाव प्रस्तुत गरेका छन् ।

गण्डकीको प्रादेशिक सडक विधेयकको मस्यौदा तयार

पोखरापत्र संवाददाता
म्याग्दी, १७ माघ

गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले प्रादेशिक सडक विधेयकको मस्यौदा तयार गरेको छ।

प्रदेशसभाको आगामी अधिवेशनमा छलफलका लागि पेश गर्ने तयारीसहित प्रदेश सरकारका आर्थिक मामिला मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कानुन महाशाखाको सहमतिमा विधेयकको मस्यौदा बनाइएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले उद्योग, पर्यटन, वन तथा वातावरण र सिँचाइ जलस्रोत तथा ऊर्जा लगायत सरोकारवाला मन्त्रालयकोसमेत राय समावेश गरेर तयार पारिएको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेश गरिएको जानकारी दिनुभयो। “डेढ वर्षदेखिको गृहकार्यपछि प्रादेशिक सडक ऐन बनाउनका लागि मस्यौदालाई अन्तिम रुप दिएर मुख्यमन्त्री तथा मन्त्रिरिषद् कार्यालयमा पेश गरिएको हो”, उहाँले भन्नुभयो। प्रदेश सरकारले आफ्नै सडक ऐन बनाउन लागेको हो । हाल सार्वजनिक सडक ऐन, २०३१ कार्यान्वयनमा छ। विधेयकमा प्रदेशका सडकको मापदण्ड तोक्ने, वर्गीकरण गर्ने, जग्गा प्राप्ति, सडकको अभिलेखीकरण र सडक मर्मत सम्भार गर्ने संयन्त्र पनि प्रस्ताव गरिएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बताउनुभयो। “पचास वर्ष पुरानो, सडक विभाग र स्थानीय पूर्वाधार विभागको मापदण्डको आधारमा योजना कार्यान्वयन गर्ने क्रममा कानुनी, व्यवहारिक समस्या भएकाले प्रदेश सरकारको आफ्नै सडक ऐनको आवश्यकता परेको हो”, उहाँले भन्नुभयो “ऐन बनाएपछि प्रदेश सरकारले सञ्चालन गर्ने सडक योजना छनोट, कार्यान्वयन र मर्मत सम्भारको कामलाई थप प्रभावकारी बनाउन सहज हुनेछ्।” सडक आयोजना कार्यान्वयनका क्रममा देखिने जग्गा विवाद समाधान र सामाजिक मुद्दालाई व्यवस्थापन गर्न सहज हुनेगरी मस्यौदामा प्रस्ताव गरिएको छ। विधेयकमा ३२ वटा दफा र एक वटा अनुसुची रहेको मन्त्रालयका कानुन अधिकृत जीतबहादुर वस्यालले बताउनुभयो । मन्त्रालय प्रस्तावमा गत पुस २६ गतेको मन्त्रिपरिषद् बैठकबाट पारित भएको गण्डकी प्रदेशको सवारी तथा यातायात व्यवस्था नियमावली -२०८० राजपत्रमा प्रकाशनका लागि पठाइएको उहाँले बताउनुभयो।

विसं २०७६ मा ऐन जारी भए पनि नियमावली नबनेका कारण कार्यान्वयनमा बाधा परेको थियो । प्रादेशिक सडक यातायात गुरुयोजनाको मस्यौदालाई पनि अन्तिम रुप दिन लागिएको जनाएको छ । गुरुयोजनालाई विद्युतीय (डिजिटल) बनाइएको प्रवक्ता पौडेलले बताउनुभयो । मन्त्री जुग्जालीले गत जेठमा पदभार सम्हाल्ने क्रममा प्रादेशिक सडक यातायात गुरुयोजना बनाउने निर्णय गर्नुभएको थियो।

सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई सुरक्षित गर्छ : प्रधानमन्त्री

रासस
काठमाडौं, १७ माघ

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले लोकतन्त्र र नागरिक अधिकारलाई सर्वोपरि राखेको वर्तमान सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई सदैव सुरक्षित गर्ने बताउनुभएको छ।

नेपाल टेलिभिजनको ३९औँ वार्षिकोत्सवको उपलक्ष्यमा बुधबार आयोजित कार्यक्रममा उहाँले भन्नुभयो, “म नियन्त्रण र निर्देशनमा होइन, निर्विकल्प लोकतान्त्रिक अभ्यासमा विश्वास गर्छु । त्यसैले लोकतन्त्र, नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रताको आधार भूत मान्यतालाई आत्मसात् गरिएका विषयवस्तुहरू नेपाल टेलिभिजनमा देख्न चाहन्छु ।” देशकै पहिलो टेलिभिजनले सूचना तथा सञ्चार क्षेत्रमा आएको परिवर्तनअनुसार समयानुकूल बनाउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले आफ्ना उत्पादन र प्रसारणलाई नयाँ प्रविधितर्फ व्यापकरूपमा स्थापित गर्न ढिला गर्नुहुँदैन भन्नुभयो।

आम दर्शकको रूचिमा आधारित भएर विषयवस्तु तयार पार्नुपर्नेमा जोड दिँदै उहाँले संस्थानको विकासका लागि दीर्घकालीन योजना र स्पष्ट दृष्टिकोणका साथ अगाडि बढ्न नेपाल टेलिभिजनलाई सुझाव दिनुभयो । टेलिभिजन र रेडियो नेपाललाई एकीकरण गरेर सार्वजनिक सेवा प्रसारण संस्था बनाउने गरी संसद्मा पेस गरिएको विधेयकमा समायानुकूल परिमार्जनसहित पारित गर्ने तयारी गरिएको बताउँदै प्रधानमन्त्रीले भन्नुभयो, “आगामी दिनका लागि सकारात्मक प्रभाव पार्ने योजनाको सङ्कल्प तयार गर्नुहोस्, यसमा मेरो र सरकारको सहयोगी भूमिका रहनेछ।” डिजिटल प्लेटफर्म

बाँकी अन्तिम पृष्ठमा ▶▶

पूर्व राष्ट्रिय फुटवल खेलाडी रुपकरनन्दा गुरुङबाट सहारा एकेडेमीलाई १ लाख ११ हजार सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

पोखराको सहारा क्लवले स्थापना गरेको फुटवल एकेडेमीको सहयोगार्थ सहारा अक्षयकोषमा रकम संकलन हुने क्रम जारी रहेको छ।

पोखरामा जारी २३ औं आहा रारा पोखरा गोल्ड कपको अवसरमा नेपालका पूर्व राष्ट्रिय फुटवल खेलाडी, भारतीय एक्स आर्मी इन्टर सर्भिसमा समेत आबद्ध हुनु भएको पोखरा १५ लक्ष्मीटोल निवासी हाल वेलायत रहनु भएको रुपक गुरुङ र समाजसेवी नन्दा गुरुङले अक्षयकोषमा १ लाख ११ हजार १ सय ११ रुपैया सहयोग गर्नु भएको हो। क्लवले संचालन गरेको सहारा एकेडेमीका बालकहरुको भरणपोषणमा थप टेवा पुग्ने विश्वासका साथ उक्त सहयोग गरेको पूर्व खेलाडी रुपकले बताउनु भयो । दाताले दिएको उक्त रकम उचित ढंगले एकेडेमीका बालकहरुको शिक्षा, दिक्षा तथा फुटवल खेलको लागि खर्च गरिने भएको सहारा क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो।

पोखरा १७ दोभिल्लामा रहेको सहारा एकेडेमीमा हाल ८ जिल्लाका १४ जना बालहरुक रहनु भएको छ । नयाँ शैक्षिक शत्रमा तीस जना बालकहरुको सिट क्षमता अनुसार बाँकीलाई छनौट गरिने भएको छ।

सूचनाको हकको कार्यान्वयन अनिवार्य शर्त जिसस कास्की प्रमुख पौडेल

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले सुचनाको हकको कार्यान्वयन अनिवार्य शर्त भएको बताउनु भएको छ।

प्रमुख पौडेलले सो कुरा राष्ट्रिय सूचना आयोगले पोखरामा आयोजना गरेको सूचनाको हक सम्बन्धि अन्तर्क्रीया कार्यक्रमलाई सम्बोधन गर्दै बताउनुभएको हो।

उहाँले सूचनाको हक सम्बन्धि ऐन, नियमावली र कार्यबिधी एबम निर्देशिकाहरूबाट निर्देशित सम्पूर्ण हक र अधिकारहरूको आम नागरिकहरूले निर्बाध रूपमा प्रयोग गर्न पाउने र त्यसको बिना हिच्किचाहट कार्यान्वयन गर्न कास्कीका स्थानिय तह सहित सरकारी तथा निजि कार्यालयहरूलाइ आग्रह गर्नुभयो।

सूचनाले जनतालाइ सुसुचित मात्रै नगरी सेवा प्रबाहलाई सहज , प्रभाबकारी र गुणस्तरीय समेत बनाएर भ्रष्टाचार न्यूनीकरणमा समेत भुमिका खेल्ने हुँदा सुशासनयुक्त कास्की निर्माणका लागि सूचनाको हक कार्यान्वयनको विकल्प नभएको उहाँको भनाइ थियो।

पौडेलले प्रत्येक कार्यालयले सूचना अधिकारी तोक्न र सूचना पाटीलाई तत्काल ब्यबस्थित बनाउन आग्रह गर्दै सूचनाको हक र यसको प्रयोग सम्बन्धमा नागरिक स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गर्नु पर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्त रत्न प्रसाद मैनालीले सूचनाको हकको ब्यबहारिक प्रयोग तथा सुचना आयोगको भुमिका र राष्ट्रिय सूचना आयोगका सचिब होम प्रसाद लुइँटेलले संविधानमा सूचनाको हक सम्बन्धी ब्यबस्था ,सूचनाको हक सम्बन्धी ऐन र नियमावली सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

उहाँले सूचनाको प्राप्ती सम्बन्धि प्रक्रिया उल्लेख गर्दै सूचनाको गोपनियता सम्बन्धि बिषयमा प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरे, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी , सूचना सन्जालका केन्द्रिय सदस्यद्वय यदुनाथ बन्जारा, शिबराज बस्ताकोटी, सूचना अभियन्ता दिपक आचार्य सहितले मन्तव्य व्यक्त गर्नु भएको थियो। सो कार्यक्रममा कास्किस्थित विभिन्न कार्यालयका प्रमुख ,सूचना अधिकारी, सूचनाको हक सम्बन्धि अभियन्ता सहित सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो।

FEB
01
23rd AAHA ! RARA
POKHARA GOLD CUP 2024
SEMI-FINAL MATCH
CHURCH BOYS UNITED
VS
TRIBHUWAN ARMY CLUB
18 MAGH 2080 (THURSDAY)
MATCH KICK OFF 2:30 PM
SCAN TO BUY TICKETS
ORGANIZED BY
SAHARA CLUB POKHARA
WWW.SAHARACLUBPOKHARA.COM.NP
khalti

जाउलाखेललाई पन्छाउदै थ्रि स्टार क्लव आहा रारा पोखरा गोल्ड कपको फाईनलमा

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

आहा रारा पोखरा गोल्ड कपको ५ पटकको विजेता थ्रि स्टार क्लव पोखरामा जारी २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८० को उपाधि नजिक पुगेको छ।

पोखरा रंगशालामा बुधबार भएको पहिलो सेमिफाइनल खेलमा जावलाखेल युथ क्लव माथी १-० कठिन जित निकाल्दै थ्रिस्टार क्लब फाईनलमा प्रबेश गरेको हो।

थ्रि स्टारको जितमा दोश्रो रोजाईका खेलाडी (अतिरिक्त खेलाडी) दिपेश घलेले मैदान छिरेको ११ औं मिनेटमा उत्कृष्ट गोल गरी आफ्नो टिमलाई उपाधि नजिक पुर्याएका हुन् । घलेले डिवक्समा पाएको वललाई पोष्ट चार्ज गर्दा विपक्षि गोलरक्षक अनिस देउलाको हातबाट फुत्केर दोश्रो वार हुदै बलले जाली चुमेको थियो । खेलको ६७ औं मिनेटमा मौसम सुब्बाको स्थानमा मैदान छिरेका घलेले खेलको ७८ औं मिनेटमा गोल गरे। जुन गोल नै निर्णायक बन्न पुग्यो।

थ्रि स्टार आहा रारा पोखरा गोल्ड कपको ५ बर्ष पछि फाइनलमा प्रबेश गरेको हो । थ्रि स्टार क्लव यस अघि यस प्रतियोगितामा ५ पटक विजेता भएको टिम हो भने जाउलाखेल २०६८ सालमा दशौं आहा रारा पोखरा गोल्ड कपको फाइनलमा पुगेर पनि मनाः मर्स्याङ्दी क्लवसंग पराजित भएको थियो।

खेलमा थ्रि स्टारका बिबेक पौडेल म्यान अफ दी म्याच घोषित हुदै नगद दश हजारको साथमा ट्रफी हात पार्न सफल भए । जाउलाखेलले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा थ्रिस्टारसंग पराजित हुनु पर्‍यो । जाउलाखेलका सुनिल खड्का, हिसुव थपलिया, प्रदिप बुढाथोकीका केही प्रहार सदुपयोग हुन सकेन् । थ्रिस्टारले पाएका केही अवसर गुम्दा गोल अन्तर फराकिलो पार्न सकेन् ।

यसैबिच, बिहीबार अन्तिम सेमिफाइनल खेलमा चर्च व्याईजले विभागिय टोली त्रिभुवन आर्मी क्लवसंग प्रतिष्प्रर्धा गर्ने भएको क्लवका अध्यक्ष केशवराज बरालले बताए। विहिबारको विजेता टिम थ्रि स्टार क्लवसंग फाइनल खेल माघ २० गते खेल्ने भएको छ।

यही माघ २० गते फाइनल खेल सहित प्रतियोगिता समापन हुने आयोजक सहारा क्लबले जनाएको छ। २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको विजेताले १२ लाख एक हजार र उपविजेताले ६ लाख एक हजार पुरस्कार प्राप्त गर्ने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताए। यही माघ ९ गते देखि सुरु भएको प्रतियोगितामा एक विदेशी सहित १२ टिमको सहभागिता रहेको खेल संयोजक पूर्णबहादुर गुरुङ्ले बताए।

इन्जिनियरिङको सम्झना सहिदमा : अनेरास्ववियु पोखरा ईन्जिनियरिङ क्याम्पस कमिटिद्वारा सहिदहरुको स्मरणमा क्याम्पस गेट अगाडि दिप प्रज्जवलन कार्यक्रम गरेको छ। अनेरास्ववियु केन्द्रिय कमिटि सदस्य बिष्णु पोखेलको प्रमुख आतिथ्यतामा भएको कमिटिका अध्यक्ष रवि वारलले पोखरापत्रलाई बताए।

गण्डकीमा ई-स्पोर्टस संघ गठन

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

विश्वमानै आकषर्णको रुपमा ई-स्पोर्टसलाई खेललाई गण्डकीमा प्रवर्द्धन र विकास गर्नका लागि ई-स्पोर्टस संघ गठन गरिएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको संयोजनमा पोखरामा सम्पन्न भेलाले बिनोद बरालको अध्यक्षतमा गण्डकी प्रदेश ई-स्पोर्टस संघ तदर्थ समिति गठन भएको हो । संघको उपाध्यक्षद्वयमा श्याम प्रसाद श्रेष्ठ र स्वम्भू कुंवर, महासचिबमा शौरभ ढकाल, सचिबमा योगेन्द्र श्रेष्ठ र कोषाध्यक्षमा बबिना प्रधान रहेका छन् । यसै गरी कार्यसमिति सदस्य अमप्रसाद थापा पुन, सुभाष चन्द्र रोक्का, किरण गोदार, मनोज प्याकुरेल, मिलनजङ्ग कुंवर र प्रज्वल बहादुर बाँनिया रहेका छन् । परिषदका बोर्ड सदस्य तथा खेल पत्रकार केशव पाठकको अध्यक्षतामा सम्पन्न भेलामा नवगठित तदर्थ समितिका अध्यक्ष बरालले गण्डकीमा इस्पोर्टस खेलको विकासमा आफूले सक्दो पहल गर्ने बताए।

नेपाल बङ्गलादेशसँग पराजित

रासस
काठमाडौं, १७ माघ

आइसिसी यु-१९ विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर सिक्सको आफ्नो पहिलो खेलमा नेपाल बङ्गलादेशसँग ५ विकेटले पराजित भएको छ।

जितका लागि एक सय ७० रनको सामान्य लक्ष्य पछ्याएको बङ्गलादेशले २६औं ओभरमा ५ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो।

बङ्गलादेशका लागि अरिफुल इस्लाम र जिसान आलमले अर्धशतक प्रहार गरे । अरिफुलले ३८ बलमा अविजित ५९ रन जोडे। उनले ७ चौका र २ छक्का प्रहार गरे। जिसानले ४३ बलमा ६ चौका र २ छक्कासहित ५५ रन बनाए। उस्हिकुर शिब्लीले १६, चोदूहुर रिजवानले १५ र अहर्र अमिनले १० रन बनाए। नेपालका लागि स्पिनर सुभास भण्डारीले ५ विकेट लिए। यसअघि दक्षिण अफ्रिकाको माङ्काउग ओभलमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६९ रनको योगफल तयार पारेको थियो । नेपालका लागि विशालविक्रम केसीले सर्वाधिक ४८ रन बनाएका थिए। उनले एक सय बलमा ६ चौको मद्दतले सर्वाधिक ४८ रनको योगदान गरेका थिए।

यसैगरी कप्तान देव खनालले ३५, सुवास भण्डारीले अविजित १८ र अर्जुन कुमालले १४ रन बनाए । बङ्गलादेशका लागि रहमत ब्रोसनले चार विकेट लिए बने शेख परवेज जीवनले तीन विकेट झारे । क्वाल इमोन र मारुफ मृदले समान एक/एक विकेट लिए । अब नेपालले शुक्रबार भारतसँग खेल्नेछ।

सरकारले ...

र इन्टरनेटको पहुँच भएका दर्शकका रूचिलाई आत्मसात् गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "टेलिभिजन भनेको 'प्रविधि र प्रतिभा'को संयोजन हो।

प्रविधिमा आएको परिवर्तनले दर्शकले एक दशकअघिको समयजस्तो कार्यक्रम र टेलिभिजन च्यानललाई कोठाको टिभी सेटमा कुरेर बस्ने छैनन् ।" उहाँले दर्शकको रूचि र अनुकूल प्रविधिमा हेर्ने सुविधाको सुनिश्चितता गर्ने तथा उच्च व्यावसायिकता र सृजनशीलता अपनाउन पनि सुझाव दिनुभयो।

सरकारले नवीनतम् प्रविधिको प्रयोगबाट सञ्चालित मिडियालाई विश्वसनीय, जिम्मेवार र जवाफदेही बन्न स्वनियमनको प्रणाली अवलम्बन गर्नुपर्छ भनेर आग्रह गर्दै आएको प्रधानमन्त्री दाहालले स्मरण गराउनुभयो।

दीर्घकालमा न्यू-मिडियाको विश्वसनीयतालाई बलियो बनाउँदै नयाँ प्रविधिको प्रयोगबाट हुने सूचना सामग्रीको सम्प्रेषणलाई समेत थप प्रभावकारी बनाइने बताउँदै प्रधानमन्त्रीले भन्नुभयो, "पत्रकारिता क्षेत्रको विकास र प्रविधिको प्रयोगलाई प्रोत्साहित गरेको सरकारले केही नयाँ नीतिगत व्यवस्था नियन्त्रणका लागि नभई, नियमन र व्यवस्थापनका लागि हुन्।"

पेट्रोलियम पदार्थको मूल्य वृद्धि

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । निगमले पेट्रोल, डिजेल र एलपी ग्यासको मूल्य वृद्धि गरेको हो । आज बसेको निगम सञ्चालक समितिको निर्णयअनुसार नयाँ मूल्य माघ १८ गते बिहान १ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र एलपी ग्यासको मूल्य बढाइएको हो।

निगमका अनुसार पेट्रोलमा प्रतिलिटर रु चार, डिजेल-मट्टितेलमा रु दुई र एलपी ग्यासमा रु १५ बढाइएको छ। इन्डियन आयल कर्पोरेसनबाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएको निगमले जनाएको छ। अब काठमाडौंमा प्रतिलिटर पेट्रोलको मूल्य रु १७०, डिजेल, मट्टितेलको मूल्य रु १५८ र खाना पकाउने एलपी ग्यासको मूल्य रु एक हजार ९१० कायम भएको छ।

फोनिज युकेको पत्रकारिता पुरस्कार संगीता चेपाङलाई, दिपीन राई सम्मानित हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) युकेको पत्रकारिता सम्मान २०२३ बाट दिपीन राई र संगीता चेपाङ पुरस्कार २०२३ बाट पुरस्कृत हुने भएका छन्।

२५ जनवरीको बैठकले राई र चेपाङलाई प्रदान गर्ने निर्णय गरेको पुरस्कार छनौट समितिका प्रमुख (हेड अफ ट्रस्ट) सोनाम छिरिङ शेर्पाले बताए।

सम्मान र पुरस्कारका लागि फोनिज संघीय समितिले पाँच जनाको नाम सिफारिस गरेका बताइन्छ । सम्मान र पुरस्कारको राशी जनही २५/२५ हजार रुपैयाँ रहेको छ। झापाका पत्रकार दिपीन राई यलम्बर टाइम्स सम्पादक र प्रकाशक तथा लोकतन्त्र दैनिकमा कार्यरत छन् । युवा पत्रकार संगीता चेपाङ नेपालमा अति अल्पसंख्यक र लोपुन्मुख चेपाङ समुदायका पत्रकार हुन्।

उनी इच्छाकामना एफ एम १०२.४ मेघाहर्ज कुरिनटार चितवनमा कार्यरत छन । उक्त पुरस्कार आफुले पाउने खबरले निकै खुसि लागेको संगिताले बताइन्।

खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारबाट पराजुली र जिसी काठमाडौंमा पुरस्कृत

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

कास्कीका दुई जना खेल पत्रकार रोहितराज पराजुली र रिखिराम जिसि खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारबाट पुरस्कृत हुनु भएको छ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले आज (बुधबार) काठमाण्डौंमा आयोजित एक समारोहका बिच गण्डकी प्रदेशबाट पराजुली र लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्दै जिसीलाई जनही २५ हजारको साथमा उक्त पुरस्कार २०८० बाट पुरस्कृत गरेको हो।

नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु, मन्त्रालयका सचिव रविलाल पन्थले पुरस्कृत व्यक्तिहरुलाई नगद सहित सम्मानपत्र प्रदान गर्नु भएको हो । पत्रकारिताको माध्यमबाट नेपालको खेलकुद क्षेत्रमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै मन्त्रालयले हरेक बर्ष यसरी प्रदेश, राष्ट्रिय स्तरका पत्रकारलाई नगद सहित पुरस्कृत गर्दै आएको सचिव पन्थले पोखरापत्रलाई बताउनु भयो । मन्त्रालयले उक्त पुरस्कारको लागि केही समय अघि आव्हान गरेको थियो।

पराजुली नयाँ पत्रिकामा आबद्ध हुनुहुन्छ भने जिसी नेपाल प्रेस डटकममा आबद्ध हुनुहन्छ। दुबै जना नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका सदस्य हुनु हुन्छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

सम्पादकीय

जनविश्वास बढाउने काम गर

संघीय संसद्को हिउँदे अधिवेशन माघ २२ गतेबाट सुरु हुँदैछ।मन्त्रीपरिषद्द्वारा सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले माघ २२ गते पहिलो बैठक बस्ने गरी अधिवेशनको आव्हान गरेका छन। संसद्को अघिल्लो बजेट अधिवेशन गत वैशाख २४ गते प्रारम्भ भएर कात्तिक १६ गतेसम्म चलेको थियो। बजेट अधिवेशन अन्त्य भएको तीन महिनापछि हिउँदे अधिवेशन प्रारम्भ हुन लागेको छ। विधेयक अधिवेशनका रूपमा रहेको हिउँदे अधिवेशनमा सङ्घीयता कार्यान्वयनसम्बन्धी अत्यावश्यक देखिएका कानुन निर्माणमा केन्द्रित हने अपेक्षा गरिएको छ। यश पटक ६३ वटा विधेयक दर्ता हुने गरिकामअघि बढेको समाचार आएका छन।अघिल्लो अधिवेशनले बजेट पारित गर्नेबाहेक एउटा मात्रै ऐन बनाउन सकेको थियो।

केही नेपाल ऐन (संशोधन) विधेयक पारित गरेर मिटरब्याजसम्बन्धी कानुन ल्याएको हो। संसद्का विषयगत समितिमा अगाडिदेखिकै एक दर्जनभन्दा बढी विधेयक थन्किएर बसेको छ। विषयगत समितिमा रहेका विधेयकहरूका बारेमा सभामुख देवराज घिमिरेले छिटो काम सकेर संसद्मा पेस गर्न निर्देशन दिएका छन।यसरी दुवै सदनमा विभिन्न चरणमा गरेर २३ वटा विधेयक विचाराधीन अवस्थामा रहेका छन्। सरकारले यस पटकको अधिवेशनमा कम्तीमा पनि ३० वटा विधेयक पारित गराउने गरी प्राथमिकतामा राखेको छ। यसबाहेक पनि आवश्यक कानुनको गृहकार्यका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सबै मन्त्रालयलाई ताकिता गरिरहेको छ।अन्य थप विधेयक पनि पारित हुने सम्भावना उत्तिकै छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार संसद्मा विधेयक पेस गर्नेसम्बन्धीको प्राथमिकताक्रम निर्धारण गरिसकिएको छ। जस अनुसार माघ मसान्त, फागुन १५ र फागुन मसान्तसम्म गरी फतीन चरणमा सदनमा पेस गर्ने गरी प्राथमिकताक्रम निर्धारण गरेर विधेयक तयार पार्न सम्बन्धित मन्त्रालयलाई जानकारी गराइसकिएको छ। पहिलो १५ दिनको समयतालिकामा भने पहिले नै विधेयक तयारी अवस्थामा रहेका छन्। सुरक्षित कारोबारसम्बन्धी विधेयक, सङ्घीय निजामती विधेयक, नागरिक उड्डयन प्राधिकरण विधेयक, हवाई सेवा प्राधिकरण विधेयक, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी संशोधन विधेयक, भूमिसम्बन्धी ऐन संशोधन विधेयक, मानव अधिकार आयोग ऐन संशोधन विधेयक, कृषिसम्बधी विधेयकलगायत पहिलो प्राथमिकतामा परेका हुन्। सधैं चर्चामा रहेका र सरकारले प्राथमिकतामा राखेको भनिएका सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, मनी लाउन्डरिङसम्बन्धी विधेयक, संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकारसम्बन्धी विधेयक र शिक्षा विधेयक भने संसद्मा विचाराधीन अवस्थामा रहेकाले कुन रूपमा अगाडि बढ्ने हुन् भन्ने सम्बन्धमा चासो व्यक्त हुँदै आएको छ।

आगामी अधिवेशनलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउन सभामुख देवराज घिमिरेले अधिवेशनलाई संसदीय पात्रो अनुसार सञ्चालन गर्न पहलकदमी लिएका छन। प्रधानमन्त्री, राजनीतिक दलका शीर्ष नेता, कानुनमन्त्री, संसदीय समितिका सभापति र दलका सचेतकसँग संसदीय पात्रोको मस्यौदा नै प्रस्तुत गरेर सबैलाई जिम्मेवारीबोध गर्न आग्रह गरेका छन। प्रमुख प्रतिपक्षी दलले पनि संसद्लाई उपलब्धिमूलक बनाउन प्रभावकारी भूमिका निर्वाह गर्ने जनाएको छायो पटकको अधिवेशनले जनसरोकारका विषयलाई जतिसक्दो बढी सम्बोधन गर्नेमा विश्वस्त हुन सकिन्छ। त्यसो त यस पटकदेखि हिउँदे अधिवेशनमा बजेटपूर्वको छलफल (प्री बजेट छलफल) समेत हुने गरी समय व्यवस्थापन गर्न लागिएको छ। यसका लागि सरकारले बजेटको कार्यतालिकामा परिमार्जन गर्ने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अध्यादेश जारी गरिसकेको छ। अध्यादेश अनुसार फागुनभित्रै संसद्मा आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त तथा प्राथमिकता पेस हुने भएको छ। प्रस्तुत बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल गरी संसद्ले आगामी चैत १५ गतेभित्र सरकारलाई सुझाव पेस गर्नुपर्ने हुन्छ। विधेयक अधिवेशनमा बजेटपूर्वको छलफलसमेत हुने भएपछि कानुन निर्माण प्रक्रिया प्रभावित हुने हो कि भन्ने आशङ्का भए पनि अधिवेशन पात्रो लागु गरेर समय व्यवस्थापन गरिने भएकाले जतिसक्दो बढी बैठक बसाउनेतिर सभामुखको ध्यानाकृष्ट हुने नै छ।

संसद् सचिवालयले जारी गरेको एक महिने नमुना कार्यतालिकामा हप्तामा तीन दिन बैठक बस्ने गरी प्रस्ताव गरिएको छ। त्यसो त आवश्यक देखिए दलीय सहमतिमा हप्तामा चार वटा बैठक बस्न पनि नसकिने होइन। संसद्लाई प्रभावकारी र मर्यादित बनाउन जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने हुँदा यस पटकको अधिवेशनको विशेष महत्वसाथ प्रतीक्षा गरिएको छारास्वपाले अधिवेशनमा कसरी प्रस्तुत हुनेबारे बैठक बोलाएको छाप्रतिपक्षी दलले जनसरोकारका विषयलाई दरोसंगउठाउन सकेमा जनचासो बढ्नेछ। जनचासो बढाउन सकेमा व्यवस्थाप्रतिकोजनविश्वास बढेर जानेछ।

तपाईको आज

मेष : ब्यापारमा लाभ
वृष : अप्रत्यसित लाभ
मिथुन : शत्रुको भय
कर्कट : झमेला बड्ने
सिंह : कार्यमा सफलता
कन्या : शुभ यात्रा
तुला : स्वस्थ्यमा सुधार
वृश्चिक : सहयोग मिल्नेछ
धनु : सत्कार मिल्नेछ
मकर : आर्थिक समस्या
कुम्भ : मानसिक तनाब
मीन : शारीरिक झमेला

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

नेपाल भू.पू. खेलाडी मञ्चका कोषाध्यक्ष पौडेललाई पितृ शोक

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

नेपाल भूतपूर्व खेलाडी मञ्चका कोषाध्यक्ष, गण्डकी प्रदेश फेन्सिङ संघका कार्यसमिति सदस्य, कृषि विकास बैंक प्रादेशिक कार्यालय गण्डकीका बरिष्ठ शाखा प्रमुखबाट हालै निवृत्त हुनु भएका महेश पौडेललाई पितृ शोक परेको छ।

पोखरा २० भलाम च्यालेचौर निवासि उहाँका पिता गोबिन्दप्रसाद पौडलको मंगलबार बिहान करिब १:३० बजे ७३ वर्षको उमेरमा निधन भएको पारिवारीक श्रोतले जनाएको छ। उहाँ लामो समय देखि विरामी हुनुहुन्थ्यो। भलामको महेन्द्र माविमा शिक्षण पेशाबाट अवकाश भए पनि विद्यालय ब्यवस्थापन समितिको सदस्य, सोही विद्यालयमा भवन निर्माणको समितिको संयोजक समेत रहेर भवन निर्माण सम्पन्न गर्न महत्वपूर्ण योगदान दिनुभएको स्थानियले स्मरण गर्नु भएको छ। उहाँ व्रह्माण समाज नेपालको पूर्व केन्द्रिय सदस्य, विश्व हिन्दु परिषद कास्कीको पूर्व सल्लाहकार, फामर्स फोरा कास्कीको संस्थापक अध्यक्ष, पौडेल आत्रेय समाज भलामको उपाध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन लगायत विभिन्न सामाजिक संघ संस्थामा आवद्धता रहेको थियो। उहाँको एक श्रीमती, दुई छोरा, दुई छोरी रहनु भएको छ। यसै बीच उहाँको असमायिक निधन भएको घटना प्रति नेपाल भूतपूर्व खेलाडी मञ्चले गहिरो दुःख व्यक्त गरेको छ। मञ्चका अध्यक्ष हरिप्रसाद पराजिुलीले उहाँको निधनले विभिन्न नेतृत्वदायी भूमिकामा रहि सेवा गर्नुहुने एक असल शिक्षा तथा समाजसेवी गुमाउनु परेको बताउदै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्नु भएको छ। त्यसै गरी विभिन्न संघ संस्थाले उहाँको निधन प्रति गहिरो दुःख व्यक्त गर्दै परिवारजनमा समवेदना समेत व्यक्त गर्नु भएको छ।

रुपाकोट मुस्लिम समाजले जित्यो भलिबलको प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

श्री गोर्खा कालिका क्लव रुपा गाउपालिका-४, ठकुरी बस्तीको १९ औ वार्षिकोत्सबको अबसरमा साविक वडा स्तरिय पुरुष भलिबल प्रयियोगितामा बिजयी रुपाकोट मुस्लिम समाज भएको छ।

विजी देउरालीलाई सेमिफाइनलमा जितेर फाइनल प्रवेस गरेको रुपाकोट मुस्लिम समाजले कायापलट असल शासन क्लव, समि भञ्ज्याङ् लमजुङलाई सेमिफाइनलमा जितेर फाइनल प्रवेस गरेको ठकुरी समाज, चितिश्वरा, तनहुलाई २५-२०, २५-१९ र २५-२२ को सोझो सेटमा जित हासिल गरि प्रथम हुन सफल भएको छ।

विजेताले नगद ५० हजार, ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन भने उपविजेता ठकुरी समाज, चितिश्वरा, तनहुँले नगद ३० हजार, ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन्। साथै उत्कृष्ट स्पाइकमा आशिस मिया (ठकुरी समाज), उत्कृष्ट सेटरमा पराशर मल्ल ठकुरी (ठकुरी समाज), उत्कृष्ट ब्लकरमा मन्जुर मिया (मुस्लिम समाज), उत्कृष्ट लिब्रोमा भुपाल गुरुङ (मुस्लिम समाज), उत्कृष्ट सर्भरमा बिजन गुरुङ (मुस्लिम समाज) र उत्कृष्ट खेलाडि मुस्लिम समाज कै मन्सुर मिया भएको थियो। गोर्खाकालिका क्लबको १९ औ वार्षिकोत्सबको सहआयोजकमा दर्शन आमा समूह, शिखर सामुदायिक बन उपभोक्ता समूह, कालिनाग खानेपानी उपभोक्ता समिती रहेको थियो। भने उत्कृष्ट बिधाहरुलाई क्रमशः रोजिना ठकुरी, कृसन ठकुरी, मिलन सेन, सुरेन श्रेष्ठ, आस्विन ठकुरी र सविन श्रेष्ठले प्रायोजन गरेका थिए। सो कार्यक्रममा विभिन्न सहयोग गर्ने सहयोगी सस्था, भुपु खेलाडी तथा समाजसेवीलाइ पनि सम्मान गरिएको थियो। 'खेल स्वास्थको लागी, खेल राष्ट्रको लागि' भन्ने मुल नाराको साथ मनाइएको १९ औ वार्षिकोत्सबमा भलिवल साथै घैटो फोर, छेलो हान्ने खेल पनि भएको थियो। क्रमस आशिक शाही र मन्जुर रहमान मिया विजयी भएका थिए।

पुरस्कार वितरण कार्यक्रमको प्रमुख अतिथी युवा नेता राजन सुवेदिले समाजमा युवा जबसम्म चलायमान हुदैन तब सम्म समाजको उत्थन हुदैन, एक मुठी सास रहे सम्म आफु समाज कै लागि बाचिरहने वताउँदै ठकुरी बस्तिको खानेपानी, खेल मैदानको समस्याबारे आफू जानकार रहेको र आफुले प्रयास गर्ने बताए। त्यसै गरी राज बहादुर शाहिले समाज देश चिनाउने खेलाडिले मात्र भएको वताए। क्लबका अध्यक्ष होम बहादुर ठकुरीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन कार्यक्रमका संयोजक तथा क्लवका सचिब मदन मल्लले गरेका थिए।

खेलकुदले जोडेका दुई गाउँ

पोखरापत्र संवाददाता
दमौली, १७ माघ

त्रिभुवन आर्मी क्लबमा आबद्ध जुनेश पहिलो पटक मानुङकोट र पुलिमराङ पुग्नुभयो। मगर गाउँ व्यास नगरपालिका-५ को मानुङकोट र गुरुङ गाउँ व्यास-८ पुलिमराङ पुग्ने अवसर जुराएको थियो अल्ट्रा म्याराथनले।

शहीद दिवसका अवसरमा आयोजित ४४ किलोमिटर दूरी अल्ट्रा म्याराथनमा सहभागी उहाँ प्रथम हुनुभयो। उहाँले उक्त दूरी तीन घण्टा १८ सेकेन्डमा पूरा गर्नुभएको थियो। मानुङकोटको बारेमा सुने पनि आउने अवसर नपाउनुभएका उहाँले अल्ट्रा म्याराथनको अवसर पारेर उक्त ठाउँ घुम्नुभयो। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्य पनि पहिलो पटक मानुङकोट पुग्नुभयो। मानुङकोटका बारेमा विभिन्न माध्यमबाट थाहा पाए पनि प्रत्यक्ष आउने अवसर नमिलेको जनाउँदै उहाँले भन्नुभयो, "यहाँ आएपछि मलाई यहाँको दृश्यले लोभ्यायो, यो ठाउँ मनमोहक छ।"

व्यास नगरपालिकाले प्रत्येक वर्ष शहीद दिवसका अवसरमा आयोजना गरेको म्याराथन मगर र गुरुङ गाउँलाई जोड्ने माध्यम बनेको छ। दुई फरक संस्कृति भएका गाउँलाई खेलकुदको माध्यमबाट जोड्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजित म्याराथन सहयोगीसिद्ध बनिरहेको छ। यस वर्षको म्याराथनमा एक सय १७ धावक सहभागी भए। तीमध्ये दुईजना विदेशी नागरिक समेत थिए। कूल धावकमध्ये आधाजसो जिल्लाभित्रैका थिएभने आधा जिल्लाबाहिरका थिए। म्याराथनले दुई गाउँ मात्रै जोड्दैन, यसले व्यासका छ वडालाई समेत प्रत्यक्ष एकाकर गर्ने प्रयास गरेको छ। अल्ट्रा म्याराथनमा धावकलाई स्वागत गर्न छ वडाका बासिन्दा फूलमाला लिएर घरअगाडि बस्छन्। यसले पाहुनालाई आतिथ्यता प्रदान गर्ने गरेको छ। म्याराथन आयोजना हुने दिन नगरका छ वडाका विभिन्न सङ्घसंस्था, जातीय सङ्गठन, टोल विकास संस्थालाई पनि एकीकृत गर्ने गरेको सिर्जना टोल विकास संस्थाका पूर्वअध्यक्ष त्रिभुवन श्रेष्ठले बताउनुभयो। व्यास-५ मानुङबाट सुरु हुने म्याराथन वडा नं ३, ४, १०, ७ हुँदै व्यास-८ मा पुगेर टुङ्गिने गरेको छ। म्याराथनले दुई पर्यटकीय गाउँको विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको नगरप्रमुख वैकुण्ठ न्यौपाने बताउनुहुन्छ। उहाँले भन्नुभयो, "यो एउटा खेलकुद मात्र नभई नगरको पर्यटन प्रवर्द्धन र विकासको अभियान पनि हो, मगर र गुरुङ गाउँलाई जोड्दै यहाँको विकासका लागि सङ्घ र प्रदेश सरकारको ध्यानाकर्षण गराउने लक्ष्य लिएका छौँ।"

प्रत्येक वर्ष धावकलाई दौडाउने मात्रै नभई यहाँको पर्यटन र संस्कृतिका बारेमा प्रचारप्रसार गर्नु उद्देश्य रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "खाली खेलाडीलाई दौडाउन मात्र होइन, यस ठाउँको प्रचारप्रसार गर्दै विकास अभियानमा सङ्घ र प्रदेश सरकारलाई जोड्न चाहेका छौँ, मानुङकोटसम्म पुग्न कालोपत्र सडक भए पनि पुलिमराङमा अझै कच्ची सडक छ, त्यहाँको बाटो पनि कालोपत्र गर्ने लक्ष्य राखेका छौँ।" मानुङकोट पछिल्लो समय पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भइरहेको छ। यहाँबाट देखिने कुहिरो र सूर्योदय दृश्य हेर्नका लागि सयौँको सङ्ख्यामा पर्यटक पुग्ने गरेका छन्। मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। मानुङकोटमा बिहानै घाम लाग्ने भएकाले पनि आन्तरिक पर्यटक बिहानै यहाँ पुग्ने गरेका छन्।

पुलिमराङसम्म भने त्यति पर्यटकको पहुँचमा पुग्न सकेको छैन। पुलिमरादङ शहीदभूमि पनि हो। यहाँ शहीद पार्क बनाइएको छ। पार्कमा विभिन्न कालखण्डमा शहीद भएका पुलिमराङका छजनाको सालिक राखिएको छ। यहाँ स्वर्गीय भरत गुरुङ, शमशेरबहादुर गुरुङ, लालध्वज गुरुङ, धर्मध्वज गुरुङ, सर्वसिंह गुरुङ र हस्तवीर गुरुङको अर्धकदको सालिक छ। व्यास-८ का वडाध्यक्ष युवराज गुरुङले म्याराथनले गुरुङ गाउँ पुलिमराङको प्रचारप्रसारमा सहयोग पुगेको बताउनुभयो।

बुद्धिचाल संघ कास्कीका अध्यक्ष कोइरालाको निधन

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

बुद्धिचाल संघ कास्कीका अध्यक्ष अनिल कोइरालाको निधन भएको छ।

पोखरा-४ गणेशटोल निवासी ५१ बर्षीय कोइरालाको मंगलबार स्वास्थ्यमा समस्या आए पछि पोखराको फिस्टेल अस्पतालमा उपचारकै क्रममा आज साँझ उहाँको निधन भएको पारिवारीक श्रोतले जनाएको छ। उनको हृदयघातका कारण आज साँझ उपचारको क्रममा निधन भएको बताइन्छ।

खेल क्षेत्र, व्यवसाय सहित विभिन्न संघ संस्थामा सक्रिय रहनु भएको कोइरालाको बिहिबार बिहान अन्त्यष्टि गरिने भएको उहाँका दाजु सञ्जीव बहादुर कोइरालाले बताउनु भयो। उहाँको निवासबाट शवयात्रा सहित पोखराको रामघाटमा अन्त्यष्टि गरिने भएको छ। कोइरालाका एक श्रीमती, दुई छोरा हुनुहुन्छ।

१३६ वर्ष पुरानो झोलुङ्गे पुल पुनःनिर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १७ माघ

बेनी नगरपालिका-७ र २ को सिमाना मङ्गलाघाटस्थित डेढ सय वर्ष पुरानो झोलुङ्गे पुल संरक्षण थालिएको छ।

मङ्गलाघाट र बेनी नगरपालिका-२ ज्यामरुककोटको हाँडेभिरलाई जोड्ने म्याग्दी खोलामा विसं १९४४ मा स्थानीय प्रविधि र स्रोतसाधनको प्रयोग गरी बनाइएको झोलुङ्गे जीर्ण बनेपछि मर्मत थालिएको हो। बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेश श्रेष्ठले स्वरुप नबिग्रने गरी पुल मर्मत गर्न लागिएको जानकारी दिनुभयो। "स्थानीयलाई आवत जावतमा सहज, सुरक्षित बनाउने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पुल मर्मतको काम चालु आर्थिक वर्षभित्रनै सम्पन्न गर्ने लक्ष्य सहित काम थालिएको छ", उहाँले भन्नुभयो "प्रादेशिक झोलुङ्गे पुल कार्यक्रमको सहयोग, मिलन म्याग्दीको सामाजिक परिचालनमा बेनी नगरपालिकाले पुल मर्मत गर्न लागेको हो।" नदीदेखि पुलको उचाइलाई अहिलेको भन्दा बढाउने र काठको ठाउँमा स्टिल राखिने भएको छ। ४२ मिटर लामो पुलको पुनर्निर्माण गर्न करिब रु ४५ लाख लागत अनुमान गरिएको प्रादेशिक झोलुङ्गे पुल कार्यक्रमका प्राबिधिक दयाराम शाहले बताउनुभयो। पर्खाल भत्काएर पुरानै ढुङ्गाबाट नयाँ बनाउने, पुरानै लट्ठालाई तन्काएर राखिने उहाँले बताउनुभयो। जिल्लाकै पुरानो र स्थानीय स्रोतसाधनलाई प्रयोग गरी बनाइएको पुल जीर्ण बनेपछि चार वर्षअघि बेनी नगरपालिकाको पहलमा सामान्य मर्मत गरिएको थियो। अहिले पुल जीर्ण छ। पुल जीर्ण बनेपछि आवतजावतमा समस्या र जोखिम भएको छ। पुरानो र ऐतिहासिक महत्वको पुलको काठ कुहिएको छ। जालीमा खिया लागेको छ।

संरक्षणको पर्खाइमा 'पराशर पार्क'

पोखरापत्र संवाददाता
तनहुँ, १७ माघ

भाइरल पर्यटकीय क्षेत्र मानहुँकोटको फेदी र सेती तथा मादीको सङ्गमस्थलमा निर्माण गरिएको पराशर पार्कको संरक्षण हुन सकेको छैन। सदरमुकाम दमौली नजिकै व्यासऋषिको तपोभूमि व्यास गुफा छ। उक्त गुफाको ठीक अगाडि भागमा पराशर आश्रम अवस्थित छन्। दायाँ र बाँया सेती तथा मादी नदी बग्छन्।

धार्मिक र पौराणिक दृष्टिकोणले यो क्षेत्र धार्मिक पर्यटकीय स्थलका रूपमा पनि उत्तिकै परिचित रहेको पाइन्छ। सो स्थानमा घुम्न स्वदेश र भारतका विभिन्न स्थानबाट पर्यटक आउने गर्दछन्। व्यास गुफा, पराशर आश्रम र पार्कलाई जोड्न मादी नदीमाथि झोलुङ्गे पुल निर्माण गरिएको छ।

धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्न नेपाल सरकारको आर्थिक सहयोगमा व्यास नगरपालिका-५ बेनीपाटनस्थित सेती र मादी नदीको सङ्गमस्थलमा पराशर पार्क निर्माण गरिएको छ। चारवेद र १८ पुराणका रचयिता वेदव्यासको तपोभूमिलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्न पार्क निर्माण कार्य अघि बढाइएको थियो।

आर्थिक वर्ष २०७७/७८ मा अन्तिम निर्माण कार्य सम्पन्न गरे पनि सञ्चालनमा ल्याउन नसक्दा विगत दुई वर्षदेखि पराशर पार्क अलपत्र र बेवारिसे बन्दै आएको छ।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ सानीमजुवा बसुन्धरा मार्गदेखि दक्षिण तर्फको बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सानीमजुवा बसुन्धरा मार्गदेखि दक्षिण तर्फको बाटो निर्माण पोखरा-१५
योजना सम्झौता मितिः २०८०/०८/२० गते
योजना सुरु हुने मितिः २०८०/०८/२५ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/२५ गते
योजनाको कुल लागतः रु. १७,६५,२८१।२७
महानगरपालिकाबाटः रु. १५,००,०००/-
जनश्रमदानबाटः रु.२,६४,७०६/-
उपभोक्ता समिति अध्यक्षः राजेश गौतम, कोषाध्यक्षः इन्द्र सुनार, सचिवः शंकर ज्ञवाली
अनुगमन समिति संयोजक वडा सदस्यः बलराम पौडेल
सदस्यः ईश्वर बहादुर आले, सदस्यः डिलमाया गुरुङ
योजना निरिक्षण गर्नेः
ईन्जिनियर माघव कार्की ज़ु.ई. रविन्द्र ओझा

सानीमजुवा बसुन्धरा मार्गदेखि दक्षिण तर्फको बाटो निर्माण उपभोक्ता समिति पोखरा-१५

पुनहिल कप भलिबल : तेस्रो दिन पाँच खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

पुन समाज नेपालको आयोजनामा जारी प्रथम पुन हिल कप पुरुष, महिला तथा भेट्रान भलिबल प्रतियोगिताको तेस्रो दिन पाँच खेल सम्पन्न भएका छन् ।

प्रतियोगिता अन्तरगत भेट्रानतर्फ सेमीफाइनल, महिलातर्फ दुई क्वाटरफाइनल र पुरुषतर्फ एक खेल सम्पन्न भएका हुन् । पुन दिवस माघ १५ को अवसर पारेर पोखरा रामघाटस्थित समाजको खेल मैदानमा बुधबार भएको भेट्रानतर्फको फाइनलमा पोखरा भेट्रान र गगनगौडा भेट्रान प्रवेश गरेको छ । पहिलो सेमीफाइनल खेलमा पोखरा भेट्रानले आयोजक पुन समाजको भेट्रान टिमलाई ३-० को सोझो सेटमा हराउँदै फाइनल प्रवेश गरेको हो । पोखरा भेट्रानले २५-१८, २५-७ र २५-१८ को सहज जित निकाल्दै फाइनल पुगेको हो । दोस्रो सेमीफाइनल खेलमा गगनगौडाले रामबजार भेट्रानमाथि पनि ३-० कै सोझो सेटमा जित हासिल गरेको हो । गगनगौडाले २५-२३, २५-२२ र २५-२३ को जित निकाल्दै पोखरा भेट्रानसँगको भेट पक्का गरेको हो ।

यस्तै महिलातर्फ दुई क्वाटरफाइनल खेल सम्पन्न भएका छन् । पहिलो खेलमा नवलपुरले मध्य नेपालमाथि २-० को सोझो सेटमा हराएको हो । नवलपुरले २५-१७ र २५-१७ को जित निकाल्दै सेमीफाइनलमा प्रवेश गरेको हो । दोस्रो खेलमा कर्पाकेली समाजले पुन क्लबलाई २-१ को सेटमा हराउँदै सेमीफाइनलमा प्रवेश गरेको छ । कर्पाकेलीले २५-१३, २३-२५ र २५-१० को सेटमा हराउँएको हो । यस्तै पुरुषतर्फ पनि एक खेल सम्पन्न भएका छन् । छन्त्याल समाज 'ए' ले भुक देउरालीलाई २-१ को सेटमा हराएको हो । छन्त्याल 'ए'ले २५-२२, २५-२७ र २५-१८ को जित निकालेको हो । जारी प्रतियोगितामा क्वाटरफाइनलसम्म बेष्ट अफ थ्री अनुसार खेलाइएको छ भने, सेमीफाइनलदेखि बेष्ट अफ फाइभको आधारमा खेलाइएको छ । समाजले विभिन्न सांस्कृतिक कार्यक्रमसहित आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ १८, महिलातर्फ १४ र प्रौढतर्फ १२ टोलीको सहभागिता रहेको छ ।

देवश्री गोत्र कुल मन्दिर पुनः निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

रानाभाट जातीको देवश्री गोत्र कुल मन्दिरको पुनःनिर्माणको काम अन्तिम चरणमा पुगेको छ।

स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका वडा नं. ३ भाटखोला चिप्लेटीमा उक्त कुल मन्दिरको पुनःनिर्माण कार्य भइरहेको छ। हरेक ५/५ वर्षमा नियमित हुदै आएको कुल पुजा यस ७ वर्षमा हुँदै छ। २ वर्ष पहिला हुनुपर्ने पुजा कोरोनाको कारण हुन सकेको थिएन । तर कोरोनाको कारण पुजा हुन नसके पनि देवश्री गोत्रीय दाजुभाईले मन्दिरको पुनःनिर्माणको कार्य तिव्ररुपमा भइरहेको सचिव परशुराम रानाभाटले वताए। मन्दिर वरपर रेलिङ, २ तले भवन, नजिकै सुन्दर पोखरी, वरपिपलको चौतारी भएको रमणिय स्थानमा मन्दिर रहेको छ । कुल पुजा फागुन २४ गते हुने भएको छ भने शिलालेखमा नाम लेखाउने अन्तिम सुचना प्रकाशित गरि समिति अगाडि वढिरहेको अध्यक्ष डिलबहादुर रानाभाटले वताए । उक्त मन्दिरमा रुपन्देहीको अमुवा, चितवनको माडी, नवलपुरको प्रगतिनगर, कास्कीको कृस्ती लगाएतका स्थानबाट सयौको संख्यामा पुजाको दिन आउने कार्यक्रम रहेकोले सबै व्यवस्थापनको काम भइरहेको समितिका सदस्य ताराबहादुर रानाभाटले वताए ।

माछा खान माझीकुना

रामबहादुर थापा
पोखरा, १७ माघ/रासस

बेगनास आफैंमा चित्रमय भूगोल हो । ताल, हिउँचुचुरा, पाखापखेरु र वनवाटिकाले बेगनास क्षेत्र सज्जित छ । प्रकृतिका अनेक वैभवले पूर्ण छ बगेनास । तीमध्ये एक हो बेगनास तालको पूर्वी किनारछेउ चिटिक्क मिलेको बस्ती माझीकुना । पन्ध्र वर्षअघिसम्म निर्जन चौर र वनपाखाले ढाकिएको माझीकुना अहिले पर्यटक तान्ने थलो बनेको छ ।

बस्ती बस्नुपूर्व माझीकुना चलचित्र छायाँकन र पर्यटकको 'क्याम्पिङ'स्थलका रूपमा मात्र चिनिन्थ्यो । अहिले माझीकुनाको परिचय बदलिएको छ, फैलिएको छ । माझीकुनालाई माछाले जति अरु चीजले सायदै चिनाएको मान्नुहुन्छ, स्थानीय रेष्टुराँ व्यवसायी टेकबहादुर जलारी । "माझीकुनाले बढी चर्चा पाएको यस्तै पाँच/छ वर्षजति भयो", ५२ वर्षीय जलारीले भन्नुभयो, "मुख्य रूपमा यहाँको पोलेको माछा ग्राहक र पर्यटकमाझ प्रख्यात छ ।" युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालका माध्यमबाट पनि माझीकुनाको व्यापक प्रचार भएको उहाँले बताउनुभयो । माझीकुनाको पोलेको माछा र अरु परिकारबारे नेपाली खाना प्रवर्द्धन गर्ने टिकटिक प्रयोगकर्ताले बनाएका भिडिओ सामग्री अहिले पनि सामाजिक सञ्जालतिर भेटिन्छन् । विशेषगरी आन्तरिक पर्यटक त्यसमा पनि युवा पुस्तामाझ माझीकुना माछाका परिकारको स्वादसँगै घुमफिर गर्ने गन्तव्यका रूपमा लोकप्रिय बनेको हो । "यहाँ धेरै आउने भनेको आन्तरिक पर्यटक नै हो, पर्यटकीय याममा विदेशी पाहुना पनि आइरहनुहुन्छ", दी फिसरम्यान रेष्टुराँका सञ्चालक जलारीले भन्नुभयो, "चाडबाड, नयाँ वर्ष र बिदाका समयमा त पर्यटकको भीड नै लाग्छ, रेष्टुराँमा भ्याइनभ्याइ हुन्छ ।" जलारीले विसं २०७२ को गोरखा भूकम्पपछि रेष्टुराँ व्यवसाय थाल्नुभएको थियो । उहाँको रेष्टुराँमा पनि पोलेको माछा नै मुख्य परिकार हो । तिलापिया जातको माछालाई आगोमा पोलेर स्थानीय स्वादमा पाहुनालाई चखाउने गरेको जलारीले सुनाउनुभयो । "मरमसला, च्याउ, धनिया, लसुन आदि राखेर मेरिनेट गरिएको माछालाई आगोमा सेकेपछि परिकार तयार हुन्छ", उहाँले भन्नुभयो, "पाहुनाले पोलेको माछा नै बढी रुचाउनुहुन्छ ।" पोलेको माछालाई स्वादिष्ट बनाउन घरेलु छोप र ससको प्रयोग गर्ने गरिएको जलारीले बताउनुभयो। तिलापियाबाहेक अरु जातको माछा भने पोल्न नमिल्ने उहाँको भनाइ छ। "बगेनास, रुपालगायत तालमा पाइने कमन, ग्राफ, राहु आदि जातका माछाको झोल, करी, फ्राइड, साँधेर पाहुनालाई खुवाउने गर्छौं, माग भएमा कुखुराका परिकार पनि उपलब्ध गराउँछौं", जलारीले भन्नुभयो । तीस वर्षसम्म बेगनास तालमै माछा मारेर परिवार धान्नुभएका उहाँ अहिले माझीकुनाको सफल रेष्टुराँ व्यवसायीका रूपमा चिनिनुभएको छ । माझीकुनामा २५ भन्दा बढी रेष्टुराँ तथा होटल खुलेका छन् । तिनमा करोडौंको लगानी छ। सयौँले रोजगारी पाएका छन् । जलारीको रेष्टुराँमा काम गर्ने पाँच जना छन् ।

बेगनासमा रहेको जलारी समुदायले माछाबाटै आर्थिक उपार्जन गर्ने गरेको उहाँले बताउनुभयो । "मत्स्य अनुसन्धान केन्द्रबाट अनुमतिपत्र लिएर मात्र माछा मार्न पाइन्छ, वार्षिकरूपमा शुल्क तिर्नुपर्छ", उहाँले भन्नुभयो, "मैले पनि पहिला माछा मारेर बेच्ने काम गर्थे, अहिले रेष्टुराँ व्यवसातिर लागेँ, यसमै सन्तुष्ट छु ।" कोभिड-१९ महामारीले सुस्ताएको व्यापारले पछिल्लो समय गति लिएपछि माझीकुनाका व्यवसायी खुसी छन् । मुलुकले झेलिरहेको आर्थिक मन्दीको प्रभाव छिटो अन्त्य भए व्यवसायले अझ फड्को लिनेमा उनीहरू आशावादी छन् । माझीकुना नजिकैको सुन्दरीडाँडास्थित बेगनास-रुपा सूचना केन्द्र तथा 'भ्यूवाटर'का कर्मचारी सरु भुजेलले माझीकुना बेगनास क्षेत्रको आकर्षक गन्तव्यस्थलका रूपमा विकास भएको बताउनुभयो । पहिले खासै चर्चामा नआएको सो क्षेत्र अहिले आगन्तुकको रोजाइमा पर्ने गरेको उहाँले सुनाउनुभयो । विशेषगरी सप्ताहन्तमा परिवारजन, जोडी र साथी मिलेर माझीकुना आउने बढी हुने गरेको स्थानीय पर्यटन व्यवसायी बताउँछन् । तालतिर टहल्दै माछाको स्वादलिनपाहुनापर्यटकमाझीकुनामा लोभिने गरेका हुन् । कास्कीको पोखरा महानगरपालिका-३१ मा अवस्थित बेगनास ताल पोखराको पृथ्वीचोकदेखि १४ किमी र लेखनाथको तालचोकबाट साढे तीन किमी यात्रामा पुगिन्छ ।

सात तालको वाटिका भनेरसमेत चिनिने लेखनाथ क्षेत्रमा बेगनास ताल पर्छ । बेगनास नजिकै उस्तै रमणीय रुपा, दिपाङ, खास्टे, न्युरेनीलगायत ताल अवस्थित छन् । सहरको कोलाहल र व्यस्तता छलेर छिनमै पुग्न सकिने मनोरम गन्तव्य बेगनास क्षेत्र हो । बेगनास पुग्दा डुङ्गा सयर, पदयात्रालगायत पर्यटकीय गतिविधिले पनि आगन्तुकलाई आकर्षित गर्ने गर्छ । मुग्लिन-पोखरा राजमार्गको तालचोक हुँदै बेगनास जोडिने सडक अहिले निर्माणाधीन अवस्थामा रहेकाले पर्यटकको आउजाउमा केही कठिनाइ उत्पन्न भइरहको पोखरा-३१ का वडाध्यक्ष ढकनाथ कँडेलले बताउनुभयो ।

प्रकृतिले सिँगारेको बेगनास पर्यटन पूर्वाधार र प्रवर्द्धनका दृष्टिले भने अझै पनि पछाडि परेको उहाँको भनाइ छ । वडाध्यक्ष कँडेलले पोखराको पर्यटन भनेपछि फेवाताललाई केन्द्रित गर्ने मानसिकताबाट सबै उम्कनुपर्ने धारणा राख्नुभयो । "सरकार र पर्यटनका संस्थाको नजर पोखराका अरु तालमा पनि जानुपर्‍यो, पूर्वाधारमा लगानी बढाउनुपर्‍यो", उहाँले भन्नुभयो, "प्रदेश सरकार र पोखरा महानगरले नै यसमा प्राथमिकतामा दिनुपर्छ ।" प्रकृतिको वैभव, मठमन्दिर, जातजातिको विविधतापूर्ण बसोबास, मौलिक संस्कृति, रहनसहन, स्थानीय उत्पादन आदिले बेगनासलाई चिनारी दिएको वडाध्यक्ष कँडेलले बताउनुभयो । "प्रकृतिको अनुपम देन बेगनास ताल नै यहाँको मुख्य आकर्षण हो", उहाँले भन्नुभयो, "धार्मिक महिमा बोकेको ताल बराह यहीँ पर्छ, ऐतिहासिक कोत मन्दिरले पनि बेगनासको महत्व बढाएका छन् ।"

पर्यटक अब गोठमा बस्नु पर्दैन

डम्मर बुढामगर
बागलुङ, १७ माघ

एक दशक अगाडिसम्म नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पुग्न निकै कठिन थियो । अप्ठ्यारा र साँघुरा गोरेटो, त्यसमाथि सयौँको सङ्ख्यामा ओहोरदोहोर गर्ने पशुचौपायाको हुल । जसोतासो ढोरपाटन उपत्यकामा पुगे पनि कहाँ बस्ने, के खाने र कसरी रात बिताउने भन्ने चिन्ता हुन्थ्यो ।

जनैपूर्णिमाका अवसरमा मात्रै तीर्थयात्रु ढोरबराह मन्दिरमा पूजाअर्चना जाने गर्थे भने अन्य सिजनमा फाट्टफुट्टमात्रै मानिस घुम्न जान्थे । ढोरपाटन पुग्नेहरू गाईभैंसी बाँध्ने गोठमा स्याउला र उनिउँ बिछ्याएर बस्ने गर्थे । खाना खाने र सुत्ने होटलको सुविधा थिएन । अहिले बाह्रै महिना पर्यटक ढोरपाटन पुग्न थालेका छन् । पहिलेको जस्तो हिँडेर ढोरपाटन पुग्नुपर्ने अवस्था छैन । अहिले कच्ची भए पनि सडक पुगेको छ । सामान्य भए पनि होटल तथा होमस्टे (घरबास) ठाउँ-ठाउँमा छन् ।

सडक र होटल सञ्चालनमा आएपछि अहिले ढोरपाटन पुग्ने पर्यटकसमेत बढेका छन् । यहाँ दैनिक पर्यटकको सङ्ख्या बढ्दै गएपछि ढोरपाटन उपत्यकाको पाखाथर, स्यालपाखे, नवी, ढोरबराह मन्दिर आसपासमा करिब तीन दर्जनको हाराहारीमा होटल तथा घरबास सञ्चालनमा आएका छन् । होटल सञ्चालनमा आएपछि बाहिरबाट आउने पाहुनाले समस्या भोग्नुपरेको छैन । काठैकाठले बनेका घर रहेको यस क्षेत्रमा पछिल्लो समय माटो, ढुङ्गाको साथै कङ्क्रिटका घर बन्न थालेका छन् । स्थानीयसँगै बाहिरबाट समेत ढोरपाटनमा पुगेर घर बनाउने र होटल सञ्चालन गर्नेहरू पनि धेरै छन् । ढोरपाटनमा आएको परिवर्तनले स्थानीय बूढापाका दङ्ग छन् । पहिले सामान्य झुपडी रहेको बस्तीमा अहिले ठूला-ठूला भवन निर्माण भएर होटल सञ्चालनमा आएका छन् । चिसो ठाउँ भएको हुँदा न्यायो हुनेगरी यहाँका भवन निर्माण भएका छन् । ढोरपाटन उपत्यकाको सबैभन्दा बढी पाखाथर गाउँमा होटल निर्माण भएको पाइन्छ ।

कच्ची भए पनि मोटरबाटोले ढोरपाटन जोडिएपछि यहाँ आउनेको सङ्ख्या बढेको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवनकुमार पुनमगरले बताउनुभयो । पहिले ढोरपाटन आउँदा बास बस्न र खानाको ठूलो समस्या हुने हुँदा कम मात्रामा पर्यटक आउने गरेको उहाँको भनाइ छ । अहिले टोलटोल र बस्तीबस्तीमा होटल तथा घरबास सञ्चालनमा आएको हुँदा एक रातमा करिब छ सयको हाराहारीमा पाहुना राख्ने क्षमता रहेको अध्यक्ष पुनमगरले बताउनुभयो । हाल ढोरपाटन उपत्यकामा करिब ३४ वटा होटल र घरबास रहेको उहाँको भनाइ छ । सञ्चालनमा आएका होटल सहरबजारका जस्ता व्यवस्थित नभए पनि खाना बस्नका लागि भने उपयुक्त रहेको पुनमगरले बताउनुभयो । पछिल्लो समय धेरैले होटललाई व्यवस्थित बनाउँदै गएको उहाँ बताउनुहुन्छ ।

"चार वर्ष अगाडिसम्म ढोरपाटन आउने पर्यटकलाई कहाँ बस्ने, कहाँ खाने भन्ने समस्या थियो, सामान्य गोठमा स्याउला बिछ्याएर चिसोमा रात बिताउनुपर्ने अवस्था थियो, खाना खाने व्यवस्था थिएन, तर अहिले त्यो समस्या पूर्णरूपमा समाधान भएको छ, दुई-तीन वर्षको अवधिमा यति धेरै होटल र होमस्टे सञ्चालनमा आए", उहाँले भन्नुभयो, "सहरको जस्तो सुविधासम्पन्न त नहोलान् तर भोक टार्न र रात बिताउनका लागि होटल भने प्रशस्तै छन् ।"ढोरपाटन नगरपालिका-९ पाखाथरका स्थानीय गङ्गा भण्डारीले यो क्षेत्र निकै परिचत भए पनि विकासका हिसाबले पछाडि रहेको बताउनुभयो ।

स्थानीयको पहलमा ढोरपाटन क्षेत्रमा केही परिवर्तन भए पनि राज्यको नजर भने पुग्न नसकेको गुनासो पोख्नुभयो। हिउँदमा बैंसी (बोबाङगाउँ) र बर्खामा लेक (ढोरपाटन) मा बस्ने स्थानीय अहिले उपत्यका क्षेत्रमै स्थायीरूपमा बसेर होटल व्यवसाय गर्न थालेको उहाँको भनाइ छ । गाउँलेले आगन्तुकका लागि बस्न र खानका लागि राम्रो व्यवस्थापन गर्दै गएको तर सडकका कारण सोचेअनुसार पर्यटक ल्याउन नसकेको भण्डारीले बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यो ठाउँका अधिकांश मान्छे बुकी जाने, वस्तुभाउ चराउने र खेती किसानी गरेर जीविकोपार्जन गर्दै आएका थिए, व्यापार व्यवसाय गर्ने वातावरण थिएन, अहिलेका जस्ता घर पनि थिएनन्, विस्तारै बाटो आयो, मोटरगाडी आउन थालेपछि घर पनि राम्रा बन्न थाले, होटल भन्ने थाहा हुँदैनथ्यो, सहरबजार जाँदामात्रै सुनिन्थ्यो, अहिले त यहाँ पनि धेरै होटल खुलेका छन्, यस क्षेत्रका जनतालाई सबैभन्दा बढी समस्या बुर्तिबाङबाट यहाँसम्म आउने बाटोको छ, धेरै वर्ष भयो बाटो खुलेको तर अहिलेसम्म राम्रो बन्न सकेको छैन ।" ढोरपाटन पर्यटन प्रवर्द्धन संस्थाका अध्यक्ष बेगबहादुर विश्वकर्माले एक दशक अगाडि यहाँ आउने पर्यटकको सङ्ख्या निकै न्यून रहेको भन्दै पछिल्लो समय बढ्दै गएको बताउनुभयो ।

पहिले ढोरपाटन आएका पर्यटकले गोठमा बसेर आलुको ढिँडो, आलुकै खोले खानुको विकल्प नभएको भन्दै अहिले पाहुनाले चाहेअनुसारको ठाउँमा बस्न र स्थानीय उत्पादनका परिकार खान पाउने उहाँको भनाइ छ। ढोरपाटन आउने अधिकांश पर्यटक उपत्यका क्षेत्रमा मात्रै डुलेर जाने गरेको विश्वकर्माले बताउनुभयो।



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

लेखापाल र शिक्षक आवश्यकता

श्री शुक्रराज बलभद्र मा.वि. पोखरा-१४ छिनेडाडामा पूव प्राथमिक शिक्षक र लेखापालको पदपूर्ति गर्नका लागि २०८० माघ ०६ गते बसेको वि.व्य.स. को बैठकबाट पोखरा महानगरपालिकाको कार्यालय शिक्षा महाशाखा पोखरामा अनुमति माग गर्ने निर्णय भए अनुसार मिति २०८०/१०/१६ गतेको पत्र संख्या २०८०/०८१ को च. नं. ४० को विद्यालयको पत्रबाट अनुमति माग गरिएकोमा २०८०/१०/१६ को पत्र संख्या २०८०/०८१ को चं. नं. ४६३ बाट उक्त पदहरुमा पदपूर्तिका लागि अनुमति प्रदान भएकोले तपशिलको योग्यता पुगेका नेपालीहरुबाट १५ दिनभित्र दरखास्तका लागि आव्हान गरिन्छ।

तपशिल
विज्ञापन नं. ०३/०८०/०८१

क्र.स.	पद	तह	संख्या	योग्यता
१	पूर्व प्राथमिक शिक्षिका	बाल विकास केन्द्र (ECD)	१	१०+२ उत्तीर्ण गरेको
२	लेखापाल	आ.भू.देखि मा.वि.	१	१०+२ उत्तीर्ण गरेको

आवश्यक कागजातहरू:
-शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि ।
–(ECD) शिक्षिकाका लागि अध्ययन अनुमतिपत्रको प्रतिलिपि ।
-लेखापालका लागि लेखाशास्त्र विषय लिएर कम्प्युटरमा दक्षता भएको प्रमाण पत्रको प्रतिलिपि ।
-१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
-नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
-हस्तलिखित निवेदन ।
-प्रकाशित मितिः २०८०/१०/१८ गते ।
-अन्तिम मितिः २०८०/११/०३ गते (४:०० बजे अपरान्ह्सम्म)
-निवेदन दस्तुर रुः १००० ।-
-छनोट प्रक्रिया (क) लिखित (ख) मौखिक
(ग) प्रयोगात्मक (आवश्यकता अनुसार)
-सम्पर्क मितिः २०८०/११/०४ गते बिहीबार

श्री शुक्रराज बलभद्र मा. वि.
पोखरा-१४ छिनेडाँडा
फोन नं. ०६१-५०५३८७,
अध्यक्ष: ९८५१०५३०६६, प्र.अं. : ९८५६०४१०४२